आज मिति २०७७/०२/३० गते शुक्रबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेमेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| नाम थर | पद |
| --- | --- |
| श्री फेन्चोक छेमेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्ग्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थिति

| | |
| --- | --- |
| श्री रिङजिन नामगेल गुरुङ | आमन्त्रित सदस्य |

**प्रस्ताब नं. १ : आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम सम्बन्धमा ।**

**प्रस्ताब नं. २ : शाङता गाउँमा राहत वितरण सम्बन्धमा ।**

**प्रस्ताब नं. ३ : कार्यपालिका अन्तर्गतका बिषयगत समिति गठन सम्बन्धमा ।**

**प्रस्ताब नं. ४ : लकडाउनको समयमा चालकको रुपमा निशुल्क सेवा गरेका कुङ्गा गुरुङको खाजा भत्ता सम्बन्धमा ।**

**प्रस्ताब नं. ५ : लकडाउन कार्यान्वयनको लागि पाण्डाखोलामा खटिएका व्यक्तिहरुलाई पारिश्रमिक दिने सम्बन्धमा ।**

**प्रस्ताब नं. ६ : अशक्त असहायहरुलाई असहाय भत्ता वितरण सम्बन्धमा ।**

**प्रस्ताब नं. ७ : अस्पतालको लागि जग्गा छनौट सम्बन्धमा ।**

**प्रस्ताब नं. ८ : स्वास्थ्य चौकी तथा वडा कार्यालयको बिजुली बिल भुक्तानी सम्बन्धमा ।**

मिति :- २०७७/०२/३०

**प्रस्ताव नं. ९ : आयुर्वेदको शसर्त तर्फको बजेट थप घट सम्बन्धमा ।**

**प्रस्ताव नं. १० : क्वारेन्टाइन तथा आइसोलेसन बेड निर्माण सम्बन्धमा ।**

निर्णयहरु :

**निर्णय नं. १ :** मस्यौदाको रुपमा पेश भएको आगामी आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रमलाई थप परिमार्जन सहित आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** लकडाउन तथा हिउँको कारण दैनिक जीवनयापनमा प्रभावित भएको शाङता गाउँमा राहतको प्याकेज सहित अन्य घुम्ती सेवा समेत लिएर यथाशक्य छिटो जाने निर्णय गरियो ।

**निर्णय नं. ३ :** कार्यपालिका अन्तर्गत तपशिल बमोजिमका सदस्य रहने गरी तपशिलमा उल्लेखित बिषयगत समिति गठन गर्ने निर्णय गरियो ।

क) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति
गाउँपालिका अध्यक्ष -संयोजक
गाउँपालिका उपाध्यक्ष -सदस्य
छिरिङ आङ्‌ग्याल गुरुङ -सदस्य
देबी गुरुङ -सदस्य
लक्ष्मी गुरुङ -सदस्य
फुलमाया गुरुङ -सदस्य
प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिब

ख) बजेट तथा कार्यक्रम तर्जुमा समिति
गाउँपालिका उपाध्यक्ष -संयोजक
वडा नं. १ वडाध्यक्ष -सदस्य
वडा नं. २ वडाध्यक्ष -सदस्य
वडा नं. ३ वडाध्यक्ष -सदस्य
वडा नं. ४ वडाध्यक्ष -सदस्य
वडा नं. ५ वडाध्यक्ष -सदस्य
प्रमुख प्रशासकीय अधिकृत -सदस्य
सुदर्शन पौडेल -सदस्य सचिब

**निर्णय नं. ४ :** लकडाउनको समयमा चालकको रुपमा निशुल्क सेवा गरेका कुङ्गा गुरुङलाई दैनिक ३०० का दरले खाजा भत्ता उपलब्ध गराउने ।

**निर्णय नं. ५ :** लकडाउन कार्यान्वयनको लागि पाण्डाखोलामा मिति २०७७/०२/२१ देखि ०२/२७ सम्म खटिएका २ जना व्यक्तिहरुलाई दैनिक रु. १५०० का दरले पारिश्रमिक दिने ।

**निर्णय नं. ६ :** आ.ब.२०७६/०७७ मा सामाजिक सुरक्षा शिर्षकमा गाउँपालिकाबाट बिनियोजन भएको बजेटबाट खर्च लेख्ने गरी तपशिलमा उल्लेखित असहाय/बेसाहारालाई तपशिल बमोजिम असहाय भत्ता उपलब्ध गराउने ।

| क्र.स. | नाम थर | ठेगाना | पाउने रकम (मासिक) रु. |
|---|---|---|---|
| १. | सोनम खाण्डो गुरुङ | ढाकरझोङ | २५००/- |
| २. | शेरप गुरुङ | झारकोट | २०००/- |
| ३. | छिरीङ न्हुर्बु शेर्पा | कागबेनी | २५००/- |

| | | | |
|---|---|---|---|
| ४. | छोमु गुरुङ | छेंगुर | २०००/- |
| ५. | साम्बा धिन्डुक गुरुङ | झोङ | २०००/- |
| ६. | ढोका गुरुङ | ढाकरझोङ | २०००/- |
| ७. | ल्हामु गुरुङ | पाक्लीङ | २०००/- |
| ८. | कुन्जाङ गुरुङ | शाङता | २०००/- |
| ९. | ल्हाक्पा गुरुङ | लुप्रा | २५००/- |
| १०. | पेमा छोटो गुरुङ | छुसाङ | २५००/- |
| ११. | न्हिमा बुटी गुरुङ | झोङ | २०००/- |
| १२. | ह्रिशी आङमो गुरुङ | कागबेनी | २०००/- |

**निर्णय नं. ७ :** गाउँपालिका केन्द्रमा १५ शैयाको अस्पताल बनाउने गरी संघ सरकारबाट बारागुङ मुक्तिक्षेत्र गाउँपालिका समेत छनौट भएको हुँदा स्थानीयको सहमतिमा जग्गा छनौट गरिनेछ ।

**निर्णय नं. ८ :** लामो समयदेखि बिभिन्न स्वास्थ्य चौकी तथा वडा कार्यालयको बिजुलीको बिल भुक्तानी हुन बाँकी देखिएको बुझिएको हुँदा निलगिरी उपभोक्ता सहकारी संस्था लिमिटेडबाट पेश भएको बिल बमोजिमको रकम भुक्तानी दिने ।

**निर्णय नं. ९ :** गाउँपालिका अन्तर्गत आयुर्बेद तर्फ आ.ब. २०७६/०७७ को शसर्त तर्फ एकमुष्ट बजेट आएकोमा तपशिल बमोजिम कार्यक्रम संशोधन गरी खर्च गर्ने ।

| कार्यक्रम | बजेट | थप | घट | संशोधित बजेट |
|---|---|---|---|---|
| स्थानीय जनतासंग जडिबुटी परिचयात्मक कार्यक्रम | २५,०००/- | | २५,०००/- | ० |
| बिद्यालय आयुर्बेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम | ८५,०००/- | | ८५,०००/- | ० |
| कोभिड-१९ को बिरुद्धमा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धिका लागि जडिबुटीजन्य औषधी खरिद एबम वितरण कार्यक्रम | ० | १,१०,०००/- | | १,१०,०००/- |

**निर्णय नं. १० :** क्वारेन्टाइन तथा आइसोलेसन व्यबस्थापनको लागि बारागुङ मुक्तिक्षेत्र-०४ मा अवस्थित होटल तिब्बत गेष्ट हाउस एक्लेभट्टीलाई तोक्ने ।

~~निर्णय नं. ११~~